सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# २०८३ साल बैशाख १ गते देखि २०८३ असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

# स्वतः प्रकाशन


सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
दिपायल, डोटी
फोन नं. : ०९४-४४००१०
इमेल :: adddipayal@gmail.com add@sudurpashchim.gov.np
Website: add.sudurpashchim.gov.np


२०८३ साउन ७

## १. निर्देशनालयको स्वरुप र प्रकृति

संघिय संरचना सहितको नेपालको वर्तमान संविधान जारी भए पछि राज्यको मूल संरचना संघ, प्रदेश र स्थानिय तह कायम भई तत्कालिन सुदूरपश्चिम विकास क्षेत्रका ९ वटा जिल्लाहरु समावेश गरी सुदूरपश्चिम प्रदेश कायम भएको छ । वि. सं. २०७४ सालको निर्वाचन पछि पहिलो पटक प्रदेश सरकार गठन भई सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशका अधिकार क्षेत्र भित्र पर्ने भूमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी एकल तथा साझा अधिकारका बिषय हेर्ने गरी वि. सं. २०७४/११/०५ मा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्थापना भएको हो ।प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत रहने गरी २०७५ श्रावणमा कृषि विकास निर्देशनालयको स्थापाना भएको हो ।

हाल यस निर्देशनालय मातहत कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र, ९ वटा कृषि ज्ञान केन्द्रहरु, माटो तथा मल परिक्षण प्रयोगशाला, बाली संरक्षण प्रयोगशाला, बीउ बिजन प्रयोगशाला, तरकारी जर्मप्लाज्म सम्वर्द्धन तथा तरकारी वीउ उत्पादन केन्द्र र सुख्खा फलफूल विकास केन्द्र रहेका छन । यस निर्देशनालयमा ९ वटा शाखाहरुबाट विभिन्न कार्यक्रम संचालन तथा अनुगमन, मुल्यांकनको कार्यक्रमहरु हुदै आएको छ।

## २. मुख्य लक्ष्य

कृषि क्षेत्रलाई आधुनिक एंवम प्रतिस्पर्धी रुपमा व्यवसायीकरण गरि राष्ट्रिय बजारमा पहुँच बढाई रोजगारीको श्रृजना र किसानको आयस्तर बृद्धि गर्न सहयोग पुर्याउने निर्देशनालयको मुख्य लक्ष्य रहेको छ। साथै यस प्रदेश अन्तरगतका स्थानीय कृषकहरुको आवश्यकता, चाहना र सम्बन्धित जिल्लाहरुको सम्भाव्यताको आधारमा विभिन्न कृषि व्यवसायहरु जस्तै खाद्यान्न वाली विकास, नगदे बाली विकास, वागवानी विकास, औद्योगिक बाली विकास, मसला बाली विकास आदी कार्यक्रमहरुबाट उत्पादन बढाई आत्मनिर्भर बनाउने, आयात प्रतिस्थापना गर्ने र निर्यात प्रवर्द्धन गर्ने तथा आयमुलक कृषि कार्यक्रमहरु मार्फत आम्दानी बढाइ कृषकहरुको जीवनस्तर उठाउन सहयोग गर्ने लक्ष्य निर्देशनालयको रहेको छ ।

## ३. निर्देशनालयको काम, कर्तव्य र अधिकार

- प्रदेश अन्तरगत कृषि वाली/वस्तुको विकास एवं विस्तारका लागि आवश्यक नीति तथा व्यवसायीक योजना तर्जूमा तथा कार्यान्वयन गर्ने तथा सोमा सयहोग गर्ने ।
- प्रदेश स्तरमा खाद्य सुरक्षाको अवस्थाको अनुगमन तथा विश्लेषण गरी प्रदेश सरकारलाइ पृष्ठ पोषण।
- प्रदेश स्तरमा खाद्य सुरक्षाको दृष्टिकोणले महत्वपुर्णको पहिचान गरी विकास एवं प्रवर्दन।
- प्रदेशमा संचान हुने संघीय कृषि विकास कार्यक्रमको संयोजन र समन्वय ।
- प्रदेश स्तरको कृषि सम्वन्धी तथ्यांक संकलन एवं अद्यावधिक गर्ने ।
- प्रदेश स्तरमा कृषि विकासमा संलग्न निकायहरुविच समन्वय गर्ने गराउने।
- प्रदेश स्तरको बजार तथा अन्य कृषि पुर्वाधार विकास नीति तर्जुमा तथा कार्यान्वयन ।
- प्रदेश स्तरमा कृषि यान्त्रीकरण प्रवर्द्धन ।
- प्रदेश स्तरमा पोष्ट हार्भेष्ट व्यवस्थापनका लागि आवश्यक नीति, योजना तथा मापदण्ड वनाइ कार्यान्वन गर्ने ।
- प्रदेश स्तरीय कृषि उपज वजारस्थलको व्यवस्था गर्ने ।
- प्रदेश स्तरमा उपयुक्त रणनीतिक स्थानमा थोक, खुद्रा तथा हाट वजार, संकलन केन्द्र तथा अन्य बजार पुर्वाधार विकास।
- प्रदेश अन्तर्गतका कृषि व्यवसायीहरुलाई विभिन्न सेवा सुविधा एवं सहुलियत उपलब्ध गराउने ।
- प्रदेश स्तरीय मल, बीउ लगायतका कृषि सामाग्रीको आपुर्ति स्थितीको नियमित अनुगमन तथा नियमन सम्बन्धी कार्य ।
- प्रदेश स्तरमा कृषि प्रसार कार्यक्रम सूचना तथा संचार प्रविधिको उच्चतम प्रयोगलाई बढावा दिने निति तथा कार्यक्रम कार्यान्वयन ।

- प्रदेश स्तरको बाली संरक्षण तथा व्यवसायीक कीट विकास सम्बन्धी उपयुक्त नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन ।
- स्थान विशेषका आधारमा मौरीपालन, रेशम खेती, च्याउ उत्पादन कार्यक्रम संचालनका लागि आवश्यक व्यवस्था गर्ने ।
- प्रदेश स्तरको माटो सुधार सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वन ।
- प्रदेश स्तरमा माटोको उर्वराशक्ती नक्सा तयार गरी सोको आधारमा उर्वराशक्ति सुधारका लागि आवश्यक कार्य गर्ने ।
- कृषि क्षेत्रको संघिय तथा प्रादेशिक नीति, मापडण्ड कार्यान्वयन तथा पृष्ठपोषण गर्ने ।

## ३ शाखाहरुको संक्षिप्त परिचय

### *योजना, कार्यक्रम तथा अनुगमन शाखा

यस शाखाले निर्देशनालय स्तरमा बजेट तथा कार्यक्रम तर्जुमा गोष्ठि संचालन गरि ज्ञान केन्द्र स्तरिय वार्षिक कार्यक्रम तयार गर्ने गराउने, बार्षिक/चौमासिक/मासिक प्रगति प्रतिवेदन संकलन गरि कम्पायल गर्ने र रिपोटिंग गर्ने, प्रगति समिक्षा गोष्ठि, प्रदेश भित्र संचालन भएका कार्यक्रमहरु कार्यान्वयनको अनुगमन तथा मुल्यांकन गर्ने, कार्यक्रमहरुको रेकर्ड अद्यावधिक गर्ने, कार्यक्रमहरुको सुपरिवेक्षण तथा समन्वय गर्ने गर्दछ । साथै कृषि कार्यक्रम सञ्चालनका लागि आवश्यक कार्यविधिहरु तयार पार्ने कार्य गर्दछ ।

### *कृषि यान्त्रीकरण शाखा

यस शाखाले यस प्रदेशमा संचालित विभिन्न कृषि प्रसार सम्बन्धी कामहरुको रेकर्ड राख्ने, तालिम सम्बन्धि कार्य संचालन गर्ने, अनुगमन, मुल्यांकन, सुपरिवेक्षण साथै यस शाखाले ज्ञान केन्द्रमा संचालित निर्माण, मर्मत आदि जस्ता कार्यहरुको लागत ईस्टमेट तयार गर्ने, निरिक्षण गर्ने र ज्ञान केन्द्रहरुलाई निर्माण कार्यमा आवश्यक पर्ने अन्य प्राविधिक सहयोग र विषयवस्तु सँग सम्बन्धित कार्यविधिहरु तयार पार्ने कार्यमा सहयोग गर्ने गर्दछ ।

### *वाली संरक्षण तथा व्यवसायीक किट विकास शाखा

यस शाखाले प्रदेशमा संचालित विभिन्न कृषि कार्यक्रमहरुको समन्वयको साथै बालिनालीको स्थिति, रोग किराको अवस्था त्यसको विवरण तथा आकस्मिक बालि संरक्षण सेवा उपलब्ध गराउछ। यस शाखाले बाली संरक्षण संग सम्बन्धित कार्यालय, ल्याब र विभिन्न गैर सरकारी संस्थाहरुले संचालन गर्ने कार्यक्रमहरुको समन्वय समेत गर्ने गर्दछ । विषयवस्तु सँग सम्बन्धित विभिन्न कार्यविधिहरु तयार पार्ने कार्यमा सहयोग गर्ने गर्दछ ।

### *कृषि सूचना तथा संचार शाखा

यस शाखाले रेडियो नेपाल, प्रदेश अन्तर्गतका जिल्लाहरुका एफ.एम. रेडियो, पत्रपत्रिका तथा विभिन्न संचार माध्यमहरु संगको समन्वयगरि साझेदारीमा कृषि कार्याक्रम संचालन गर्ने, कृषि संग सम्बन्धित प्रविधि एवं सूचनाहरु प्रसारण गर्ने गराउने, प्रसारण गरिएका सामग्रिहरुको अनुगमन गर्ने र कृषि संचार सम्बन्धि अन्य कामहरु गर्ने गर्दछ । विषयवस्तु सँग सम्बन्धित विभिन्न कार्यविधिहरु तयार पार्ने कार्यमा सहयोग गर्ने गर्दछ ।

### *वागवानी विकास शाखा

यस शाखाले यस प्रदेशमा संचालित विभिन्न वागवानी सम्बन्धी कार्यक्रमहरुको रेकर्ड राख्ने, वागवानी सम्बन्धी तालिम/कार्यक्रम संचालन गर्ने साथै ज्ञान केन्द्रमा संचालित फलफुल बगैंचा, तरकारीको नर्सरी, बगैंचा व्यवस्थापन तथा मौसमी तथा बेमौसमी तरकारी खेति प्रविधि कार्यमा आवश्यक पर्ने अन्य प्राविधिक सहयोग गर्ने तथा विषयवस्तु सँग सम्बन्धित विभिन्न कार्यविधिहरु तयार पार्ने कार्यमा सहयोग गर्ने गर्दछ ।

### *वाली विकास तथा माटो व्यवस्थापन शाखा

यस शाखाले यस प्रदेशमा संचालित विभिन्न वालीनाली सम्बन्धी कार्यक्रमहरुको रेकर्ड राख्ने, वाली विकास सम्बन्धी तालिम/कार्यक्रम संचालन गर्ने, ज्ञान केन्द्रमा संचालित वालीनाली सम्बन्धी कार्यक्रमहरुको निरिक्षण गर्ने, माटो परीक्षण

प्रयोगशालालाई आवश्यक प्राविधिक सहयोग तथा सल्लाह सुझाव दिने साथै वाली विकास सम्बन्धीका कार्यविधि तयार पार्ने कार्यमा सहयोग गर्दछ ।

### *बजार विकास, आर्थिक विश्लेषण तथा तथ्यांक शाखा

यस शाखाले निर्देशनालय स्तरमा कृषि वजारको रेकर्ड तयार पार्ने, कृषि वस्तु खरिद विक्रीको साप्ताहिक, मासिक रुपमा विवरण लिई रेकर्ड अद्यावधिक गर्ने, खेती प्रविधिको लाभ लागत ईष्टिमेट गर्ने, कृषि उपजको मूल्य श्रृङ्खला अध्ययन गर्ने तथा कृषि बजार व्यवस्थापनमा सहयोग गर्दछ । साथै कार्यक्रमहरुको तथ्यांक अद्यावधिक गर्ने र कार्यविधिहरु तयार पार्ने कार्यमा सहयोग गर्ने गर्दछ ।

### *पोष्टहार्भेष्ट व्यवस्थापन शाखा


यस शाखाले यस प्रदेशमा संचालित विभिन्न कृषि प्रसार सम्बन्धी कामहरुको रेकर्ड राख्ने, वागवानी तथा पोष्टहार्भेष्ट सम्बन्धी तालिम संचालन गर्ने साथै ज्ञान केन्द्रमा संचालित पोष्टहार्भेष्ट व्यवस्थापन सम्बन्धी कार्यहरुमा प्राविधिक सहयोग तथा निरीक्षण गर्ने र विषयवस्तु सँग सम्बन्धित विभिन्न कार्यविधिहरु तयार पार्ने कार्यमा सहयोग गर्ने गर्दछ ।

### *प्रशासन शाखा

यस शाखाले निर्देशनालय तथा अन्तर्गतका कार्यालयका कर्मचारीहरुको रेकर्ड अद्यावधिक गर्ने, दैनिक प्रशासनिक, आर्थिक कार्य संचालन गर्ने, प्रशासनिक आर्थिक कार्यहरुमा जिल्लाहरुलाई आवश्यक नीति निर्देशन दिने र सहयोग गर्ने कार्य गर्दछ । आर्थिक कार्य संचालन गरि रेकर्ड दुरुस्त राख्ने एवम् अन्तर्गतका कार्यालयहरुमा आर्थिक प्रशासन सम्बन्धि सहयोग, समन्वय निर्देशन दिने कार्य गर्दछ ।

## ३. निर्देशनालयको संगठन संरचना कर्मचारी संख्या एवम् कार्य विवरण

### ३.१ निर्देशनालयको संगठन संरचना



३.२ कर्मचारी संख्या

| क्र.स. | पद | श्रेणी/तह | सेवा | समुह | कुल दरवन्दी |
|---|---|---|---|---|---|
| १ | प्रमुख | ११ | नेपाल कृषि | समुहकृत नहुने | १ |
| २ | वरिष्ठ कृषि अर्थ विज्ञ | ९/१० | नेपाल कृषि | एगृ इको एण्ड मार्केटिङ्ग | २ |
| ३ | वरिष्ठ कृषि प्रसार अधिकृत | ९/१० | नेपाल कृषि | कृषि प्रसार | ३ |
| ४ | वरिष्ठ वागवानी विकास अधिकृत | ९/१० | नेपाल कृषि | वागवानी | १ |
| ५ | वरिष्ठ वाली संरक्षण अधिकृत | ९/१० | नेपाल कृषि | वाली संरक्षण | १ |
| ६ | वरिष्ठ वाली विकास अधिकृत | ९/१० | नेपाल कृषि | वाली विकास | १ |
| ७ | कृषि अर्थ विज्ञ | ७/८ | नेपाल कृषि | एगृ इको एण्ड मार्केटिङ्ग | २ |
| ८ | कृषि प्रसार अधिकृत | ७/८ | नेपाल कृषि | कृषि प्रसार | १ |
| ९ | वाली विकास अधिकृत | ७/८ | नेपाल कृषि | वाली विकास | १ |
| १० | वाली संरक्षण अधिकृत | ७/८ | नेपाल कृषि | वाली संरक्षण | १ |
| ११ | वाववानी विकास अधिकृत | ७/८ | नेपाल कृषि | वागवानी | २ |
| १२ | कृषि इन्जिनियर | ७/८ | नेपाल कृषि | ईन्जिनियर | १ |
| १३ | शाखा अधिकृत | ७/८ | नेपाल प्रशासन | सामान्य प्रशासन | १ |
| १४ | लेखा अधिकृत | ७/८ | नेपाल प्रशासन | लेखा | १ |
| १५ | नायव सुव्वा | ५/६ | नेपाल प्रशासन | सामान्य प्रशासन | १ |
| १६ | कम्प्युटर अपरेटर | ५/६ | विविध | | १ |
| १७ | प्राविधिक सहायक | ५/६ | नेपाल कृषि | एगृ ईको एण्ड मार्केटिङ्ग | २ |
| १८ | प्राविधिक सहायक | ५/६ | नेपाल कृषि | कृषि प्रसार | २ |
| १९ | प्राविधिक सहायक | ५/६ | नेपाल कृषि | वागवानी | २ |
| २० | प्राविधिक सहायक | ५/६ | नेपाल कृषि | वाली संरक्षण | १ |
| २१ | प्राविधिक सहायक | ५/६ | नेपाल कृषि | वाली विकास | १ |
| २२ | प्राविधिक सहायक | ५/६ | नेपाल कृषि | माटो विज्ञान | १ |
| २३ | सव ईन्जिनियर | ५/६ | नेपाल कृषि | ईन्जिनियर | १ |
| २४ | लेखापाला | ५/६ | नेपाल प्रशासन | लेखा | १ |
| २५ | हलुका सावरी चालक | तह विहिन | नेपाल ईन्जिनियरिङ्ग | मेकानिकल | २ |
| २६ | कार्यालय सहयोगी | तहविहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | ४ |
| | जम्मा | | | | ३८ |

## ४. निर्देशनालयबाट प्रदान गरिने सेवा

- निर्देशनालयबाट सूचना माग सम्बन्धी सेवा सूचनाको हक सम्बन्धी ऐन र नियममावली अनुसार प्रदान हुने गरेको छ । निर्देशनालय अन्तर्गतका निकायहरुबाट हुने गरेका क्रियाकलापमा मन्त्रालयले नीतिगत कार्य र समन्वय गर्न तथा सो विरुद्धको उजुरी तथा गुनासो सुन्ने गरेको छ ।
- निर्देशनालयमा पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको आयोजना कार्यान्वयन एकाइ रहेकाले यस आयोजनाबाट प्रदान गरिने सेवाहरु (फलफूल वगैचा स्थापनाका लागी अनुदान) प्रक्रिया पुरा भए पश्चात समयमै गर्ने गरिएको छ ।

## ५. निर्देशनालयका शाखा र जिम्मेवार अधिकारी एवं सम्बन्धित शाखा प्रमुख

निर्देशनालयको कार्य क्षेत्र परी संचालन गरिने क्रियाकलापहरु तथा कार्यक्रमहरु संचालन गर्न निर्देशनालयमा देहाय बमोजिमको शाखाहरुको व्यवस्था गरिएको छ ।

| क्र.सं. | शाखाको नाम | शाखा प्रमुखको नाम |
|---|---|---|
| १ | बाली संरक्षण तथा व्यवसायिक कीट विकास शाखा | बाली संरक्षण निर्देशक श्री सुशिल न्यौपाने |
| २ | पोष्ट हार्भेष्ट व्यवस्थापन शाखा | बाली संरक्षण निर्देशक श्री सुशिल न्यौपाने |
| ३ | वागवानी विकास शाखा | बाली संरक्षण निर्देशक श्री सुशिल न्यौपाने |
| ४ | योजना कार्यक्रम तथा अनुगमन शाखा | कृषि अर्थ निर्देशक श्री ज्ञानराज कडेल |
| ५ | बजार विकास, आर्थिक विश्लेषण तथा तथ्यांक शाखा | कृषि अर्थ निर्देशक श्री ज्ञानराज कडेल |
| ६ | कृषि सूचना तथा संचार शाखा | कृषि प्रसार अधिकृत श्री केशवराज पाण्डेय |
| ७ | बाली विकास तथा माटो व्यवस्थापन शाखा | बाली विकास अधिकृत श्री दिपकराज ओझा |
| ८ | कृषि यान्त्रीकरण शाखा | कृषि ईन्जिनियर श्री कोषराज बडू |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

**सेवा प्राप्त गर्न लाग्ने दस्तुर**

- सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम र अन्य विशेष कानूनले तोके बमोजिम दस्तुर
- कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्धन नियमावली, २०७९ वमोजिम ।

**सेवा प्राप्त गर्न लाग्ने अवधि**

- सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र अन्य विशेष कानूनले अवधि तोकेकोमा सोही बमोजिम
- कार्यक्रम संचालन गर्दा सूचनामा उल्लेख भएको अवधि र कृषि तथा पशुपंक्षी प्रवर्धन नियमावली २०७९ वमोजिम

## ७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

- प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित शाखामा आवश्यक कारवाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रकृया अगाडी बढाइने

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

निमित्त महानिर्देशक : श्री टिकेन्द्र कुस्मी

## ९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

यस अवधिमा निर्देशनालयबाट सम्पादित मुख्य मुख्य कार्यहरु देहाय अनुसार रहेका छन् :

- कृषि थोक बजार, अत्तरियामा रहेको कोल्ड चेम्बरमा टिन लगाउने, जेनेरेटर सुरक्षाका लागि तारजाली लगाउने, MS Pipe जडान, ग्यासँ तथा वायरिङ्ग मर्मत
- १०० थान वार्षिक प्रगति तथा तथ्यांक पुस्तिका प्रकाशन
- कोशी र लुम्बिनी प्रदेशको कृषिसँग सम्बन्धित कार्यक्रम बारे छलफल तथा अन्तरक्रिया
- सुदूरपश्चिम प्रदेश कृषि डायरी १००० थान प्रकाशन
- 'सुदूरपश्चिम कृषि दर्पण' १०० थान प्रकाशन
- सुख्खा फलफूल विकास फार्म, तरकारी जर्मप्लाजम सम्वर्द्धन तथा बीउ उत्पादन केन्द्र र स्थानीय तह क्षेत्र विशेष पकेट कार्यक्रमको डकुमेन्ट्रि निर्माण
- २० वटा स्थानीय तहमा स्थलगत अध्ययन गरी प्राङ्गारिक कृषि लागू गर्ने क्षेत्र र बाली निर्धारण गरिएको

## <u>निर्देशनालयबाट चालु आ.व. २०८२/८३ मा लाभान्वित कृषक, संस्थाहरुको विवरण</u>

**क) आवश्यकता तथा मागका आधारमा कृषकहरुलाई कृषि सामग्री सहयोग तथा नविनतम वाली तथा प्रविधि प्रर्दशन**

**आवश्यकता तथा मागका आधारमा कृषकहरुलाई कृषि सामग्री सहयोग**

| क्र.सं. | फर्मको नाम | ठेगाना | बाली/सामग्री | सम्झौता रकम रु. | निर्देशनालयको लगानी रु. | भुक्तानी रकम रु. | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|---|
| १ | अनुग्रह कृषि फर्म | कृष्णपुर न.पा. २, कञ्चनपुर | डिजिटल तराजु | १२००० | ६००० | ६००० | नन्दलाल राना | ९८६५९३५७६१ |
| २ | सुदूरपश्चिम पशुपालन तथा कृषि फर्म | बेदकोट न.पा. ६, कञ्चनपुर | स्यालो ट्युब वेल जडान | ८५६५० | ४२८२५ | ३८२०० | गिता भट्ट पनेरु | ९८५८७५१४१३ |
| ३ | गोपिन्द्र वहादुर ठकुल्ला | कैलारी गा.पा. २, कैलाली | स्यालो ट्युब वेल जडान | ७२३३३ | ३६१६७ | ३६१६७ | गोपिन्द्र वहादुर ठकुल्ला | |
| ४ | राकेश कुमार भट्ट | कैलारी गा.पा. ५, कैलाली | स्यालो ट्युब वेल जडान | ६९४७२ | ३४७३६ | ३४७३६ | राकेश कुमार भट्ट | |
| ५ | सोनिया डगौरा थारु | कैलारी गा.पा. २, कैलाली | स्यालो ट्युब वेल जडान | ६९४७२ | ३४७३६ | ३४७३६ | सोनिया डगौरा थारु | |
| ६ | श्री जैविक विविधता संरक्षण कृषि सहकारी संस्था लि. | जोरायल गा.पा. १, डोटी | भक्तपुर स्थानीय काँक्रो बीउ उत्पादन | २४६०० | १२३०० | १२३०० | गणेश बहादुर विष्ट | ९८४८८९५२५३ |
| ७ | श्री लक्ष्मी सरस्वती बहुउद्देश्यीय सहकारी संस्था लि. | जोरायल गा.पा. ४, डोटी | भक्तपुर स्थानीय काँक्रो बीउ उत्पादन | ४५७१६ | २२८५८ | २२८५८ | ठक्कर बहादुर कठायत | ९८४८६३६०६६ |
| ८ | श्री शिखरधुरा बीउ विजन केन्द्र प्रा.लि. | अमरगढी न.पा. ५, डडेल्धुरा | भक्तपुर स्थानीय काँक्रो बीउ उत्पादन | २१८०० | १०९०० | १०९०० | कर्ण बहादुर साउद | ९८५८७५१६७५ |
| ९ | केदारेश्वर कृषि फर्म | शिखर न.पा. १, डोटी | प्लाष्टिक टनेल | १०००५४ | ५०००० | ४३१८४.९५ | तुली देवी बोगटी | ९८६८५२०००८ |
| १० | श्रमिक कृषि तथा पशुपालन फर्म | भिमदत्त न.पा. १, कञ्चनपुर | प्लाष्टिक टनेल | ४०००० | २०००० | २०००० | जानकी कुमारी बोहरा | ९८६८७५९७३५ |
| ११ | निमाउने तेडी कृषि तथा पशुपन्छी फर्म | शिखर न.पा. २, डोटी | प्लाष्टिक टनेल | ९८७४५ | ४९३७३ | ४८०४४.५ | नृग बहादुर शाही | ९८४८५४७१७६ |
| १२ | अवस्थी बहुउद्देश्यीय कृषि फर्म | गन्यापधुरा गा.पा. १, डडेल्धुरा | प्लाष्टिक टनेल | १००००० | ५०००० | ५०००० | खेमराज अवस्थी | ९८६५६६४४५५ |
| १३ | विष्ट कृषि फर्म | लम्कीचुहा न.पा. ३, कैलाली | मिनी टिलर | ८०००० | ४०००० | ४०००० | राम बहादुर विष्ट | ९८४८४३२३५६ |
| १४ | शंकर दत्त जोशी | शुक्लाफाँटा न.पा. ५, कञ्चनुर | मिनी टिलर | ६०००० | ३०००० | ३०००० | शंकर दत्त जोशी | ९८६८८००६२२ |
| १५ | खड्का पशुपन्छी फलफूल तथा नर्सरी फर्म | शिखर न.पा. २, डोटी | मिनी टिलर | ६०००० | ३०००० | ३०००० | खगेन्द्र बहादुर शाही | ९८४८४५८८९४ |
| १६ | ज्ञानेन्द्र सिं खड्का | गोदावरी ८, कैलाली | मिनी टिलर | ६०००० | ३०००० | ३०००० | ज्ञानेन्द्र सिं खड्का | ९८४८५२४६९३ |
| १७ | राम बहादुर रावल | शिखर न.पा. २, डोटी | मिनी टिलर | ६०००० | ३०००० | ३०००० | राम बहादुर रावल | ९८४८५४८९११ |
| | **जम्मा** | | | | **२५९३७३** | | | |

### नविनतम वाली तथा प्रविधि प्रर्दशन

| क्र.सं. | फर्मको नाम | ठेगाना | बाली/सामग्री | सम्झौता रकम रु. | निर्देशनालयको लगानी रु. | भुक्तानी रकम रु. | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|---|
| १ | दोगडा भुमीराज एकिकृत कृषि तथा पशुपन्छी फर्म | गोदावरी न.पा. १०, कैलाली | तरकारी खेतीमा थोपा सिंचाई र मल्चिङ्ग प्रविधि प्रदर्शन | १९९६३५ | ९९८१७ | ९२२६९.५ | डम्मरा भट्ट | ९८४३७८७५३७ |
| २ | श्री रौलेश्वर कृषक समुह | गन्यापधुरा गा.पा.१, डडेल्धुरा | बीउ आलु सहयोग | ३६०००० | १८०००० | १८०००० | डम्मर भट्ट | ९८५८७५१३३० |
| ३ | श्री राउणी मष्टा देव बहुउद्दश्यीय कृषक समुह | तलकोट गा.पा. ३, बझाङ्ग | बीउ आलु सहयोग | १५०००० | ७५००० | ७५००० | धौले कडाल | ९८४८५८४३१३ |
| ४ | श्री सेती प्राविधिक विद्यालय | दिपायल सिलगढी, डोटी | कफी खेती | २००० | २००० | | सुशिला शर्मा | ९८५८४२२५२६ |
| ५ | सान एग्रो इस्टेट | भागेश्वर गा.पा. ४, डडेल्धुरा | कफी खेती | १९५००० | ९७५०० | ६७५०० | दिक्षित भण्डारी | ९८५८७५१२०३ |
| ६ | बाली संरक्षण प्रयोगशाला, कञ्चनपुर | सुन्दरपुर, कञ्चनपुर | च्याउ घर मर्मत तथा उत्पादन | २८१३४८ | २८१३४८ | २८०४०२ | हेमराज पन्त | ९८४५७२०९९२ |
| ७ | कृषि विकास निर्देशनालय, डोटी | दिपायल, डोटी | प्राकृतिक खेती प्रदर्शन | १२००० | १२००० | १२००० | | |
| ८ | त्रैलोक्य नाथ पाण्डेय | अजयमेरु न.पा. ३, डडेल्धुरा | कागती खेती | १९९००० | ९९५०० | ९९५०० | त्रैलोक्य नाथ पाण्डेय | ९८५१११६४७४ |
| | **जम्मा** | | | **१३९८९८३** | **८४७१६५** | **८०६६७१.५** | | |

### ख) कृषि शिक्षालयको साझेदारीमा पढ्दै कमाउँदै कार्यक्रम

| क्र.सं. | शिक्षालयको नाम | ठेगाना | बाली/सामग्री | सम्झौता रकम रु. | निर्देशनालयको लगानी रु. | भुक्तानी रकम रु. | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|
| १ | गोकुलेश्वर कृषि तथा पशु विज्ञान कलेज | डिलासैनी गा.पा. ५, बैतडी | Mushroom house, Poly house, Vemicompost | ६८०७७५.९ | ४७६५४३ | ० | तिलकनाथ योगी | ९८४८७७०५५२ |
| २ | सेती प्राविधिक शिक्षालय | दिपायल सिलगढी न.पा. ४, डोटी | Mushroom house, Poly house | ८२००९५.८ | ५७४०६७ | ५५५९१५ | सुशिला शर्मा | ९८५८४२२५२६ |
| ३ | श्री महेश्वरी मा. वि. | खप्तडछान्ना गा.पा.७, बझाङ | Mushroom house, Poly house | ५९३४४१ | ४१५४०९ | ३२९७७८ | तुलसी प्रसाद जोशी | ९८४०५३०३३३ |
| ४ | श्री कुलमष्टजन मा. वि. | माष्टा गा.पा. ४, बझाङ | Mushroom house, Poly house | ७३८७३२ | ५१७११२ | ४८२२७२ | मोहन वहादुर थापा | ९८४२२०१३२३ |
| ५ | श्री शंकरपुर मा. वि. | मालिकार्जुन गा.पा. ८, दार्चुला | Vermicompost, Irrigation Tank | ७२५२३० | ५०७६६१ | ४३३५८२ | भुवनेश्वरी अवस्थी | ९८६५७६१५९७ |
| ६ | श्री किर्तिचौर मा. वि . | गौमुल गा.पा. ४, बाजुरा | Mushroom house, Poly house, Vemicompost | ८७१३७२.८ | ६०९९६१ | ५४२१५० | भिम वहादुर वोहरा | ९८६८५४२४०१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | श्री षोडशा देवी मा. वि . | मंगलसेन न.पा. ५, अछाम | Mushroom house, Mushroom, Bee | ३४८५४१ | २४३९७९ | ० | बृकेश सिह वेकटी | ९८४८४३५४५० |
| ८ | सुर्य चन्द्र मा. वि . | साफेवगर न.पा. १, अछाम | Mushroom house, Poly house, Plastic Mulch | ३७९१४१ | २६५३९९ | २४२७७६ | देवेन्द्र वहादुर शाह | ९८५८४९०२२५ |
| ९ | घण्टेश्वर मा .वि . | जोरायल गा.पा. ४, डोटी | Mushroom house, Vegetable Cultivation | २५७९३० | १८०५५१ | १६७९६६ | लाल वहादुर वुवर | ९८६८८०६२५२ |
| १० | श्री शान्ति मा. वि. | वेलौरी न.पा. ४, कन्चनपुर | Mushroom house, Banana Cultivation, Bee Keeping | ८११५१५ | ५६८०६१ | ४७६६९६ | प्रेम बहादुर थापा | ९८४८७७१६४८ |
| ११ | प्राकृतिक श्रोत व्यावस्थापन कलेज | टिकापुर न.पा.१, कैलाली | MS Nursery Table, Trichoderma Lab | ६७५२९३ | ४७२७०५ | ४१४५४० | रमेश उप्रोती | ९८४८६३७३८६ |
| | **जम्मा** | | | **६२२१२९१.६** | **४३५४९०४** | **३६४५६७५** | | |

## ग) लागत साझेदारीमा कृषिजन्य उद्योग स्थापना

| क्र.सं. | संस्थाको नाम | ठेगाना | मेशिनरी | सम्झौता रकम रु. | निर्देशनालयको लगानी रु. | भुक्तानी रकम रु. | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|
| १ | किसान बहुउद्देश्यीय सहकारी संस्था लि. | लम्की, कैलाली | Seed Processing Machinery | ३४५७००० | १७२८५०० | १७१५००० | डम्मर शाह | ९८५८४२३४२६ |
| २ | क्रिएटिभ एग्रीकल्चर साइन्स टेक्नोलोगी एण्ड रिसर्च प्रा.लि. | टिकापुर, कैलाली | Gravity Separator Machine | ९९५००० | ४९७५०० | ४९४००० | लिला चौधरी | ९७०३१४५९६४ |
| | **जम्मा** | | | **४४५२०००** | **२२२६०००** | **२२०९०००** | | |

## १०. खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण

आ.व. २०८२।८३ को चौथो त्रैमासिक (बैशाखदेखि असार मसान्तसम्मको) प्रगति विवरण (रु हजारमा)

| क.स. | कार्यक्रम | बार्षिक विनियोजन | | | त्रैमासिक विनियोजन | | | खर्च रकम | | | वित्तीय प्रगति % | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूँजी | चालु | जम्मा | पूँजी | चालु | जम्मा | पूँजी | चालु | जम्मा | पूँजी | चालु | जम्मा |
| १ | प्रदेश सरकार | | | | | | | | | | | | |
| १.१ | ADD | १५५९० | ८९६९४ | १०५२८४ | ० | १२४५५ | १२४५५ | १६४२.३६ | १४४४६.५० | १६०८८.८६ | १०.५३ | ११५.९९ | १२९.१८ |
| १.२ | NAFHA | ० | ८४८२ | ८४८२ | ० | १७९५ | १७९५ | ०.०० | ६०८.८० | ६०८.८० | ०.०० | ३३.९२ | ३३.९२ |
| | **जम्मा** | **१५५९०** | **९८१७६** | **११३७६६** | **०** | **१४२५०** | **१४२५०** | **१६४२.३६** | **१५०५५.३०** | **१६६९७.६६** | **१०.५३** | **१०५.६५** | **११७.१८** |
| २ | सघ सशर्त अनुदान | | | | | | | | | | | | |
| २.१ | NAMP | ० | ३० | ३० | ० | ० | ० | ० | २५.७७५ | २५.७८ | ० | ८५.९१७ | ८५.९१७ |
| २.२ | NAFHA | १३४००० | २४५०० | १५८५०० | ५५०० | २३२३१ | २८७३१ | ४६६५.७ | ३०६४८.७८ | ३५३१४.४८ | ८४.८३ | १२५.१ | २२.२८ |
| | **जम्मा** | **१३४०००** | **२४५३०** | **१५८५३०** | **५५००** | **२३२३१** | **२८७३१** | **४६६५.७** | **३०६७४.५५९** | **३५३४०.२६** | **८४.८३** | **१३२.०४** | **२२.२९२** |
| | | **१४९५९०** | **१२२७०६** | **२७२२९६** | **५५००** | **३७४८१** | **४२९८१** | **६३०८.०६** | **४५७२९.८६** | **५२०३७.९१** | **११४.६९** | **१२२.०१** | **१२१.०७** |

| क.स. | कार्यक्रम | बार्षिक विनियोजन | | | त्रैमासिक विनियोजन | | | लक्ष्य भार | | | प्रगती भार | | | भारित प्रगति % | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूँजी | चालु | जम्मा | पूँजी | चालु | जम्मा | पूँजी | चालु | जम्मा | पूँजी | चालु | जम्मा | पूँजी | चालु | जम्मा |
| १ | प्रदेश सरकार | | | | | | | | | | | | | | | |
| १.१ | ADD | १५५९० | ८९६९४ | १०५२८४ | ० | १२४५५ | १२४५५ | ०.०० | ११.५२ | ११.५२ | ०.०० | १३.६० | १३.६० | ० | ११८.०६ | ११८.०६ |
| १.२ | NAFHA | ० | ८४८२ | ८४८२ | ० | १७९५ | १७९५ | ०.०० | २१.१७ | २१.१७ | ०.०० | ७.७३ | ७.७३ | ० | ३६.५१ | ३६.५१ |
| | **जम्मा** | **१५५९०** | **९८१७६** | **११३७६६** | **०** | **१४२५०** | **१४२५०** | **०.००** | **३२.६९** | **३२.६९** | **०.००** | **२१.३३** | **२१.३३** | **०** | **६५.२५** | **६५.२५** |
| २ | सघ सशर्त अनुदान | | | | | | | | | | | | | | | |
| २.१ | NAMP | ० | ३० | ३० | ० | ० | ० | ० | ० | ०.०० | ० | ० | ०.०० | ० | ०.०० | ०.०० |
| २.२ | NAFHA | १३४००० | २४५०० | १५८५०० | ५५०० | २३२३१ | २८७३१ | ३.४७ | १४.६५ | १८.१२ | ४.९५ | १९.९ | २४.८५ | १४२.६५ | १३५.८४ | १३७.१४ |
| | **जम्मा** | **१३४०००** | **२४५३०** | **१५८५३०** | **५५००** | **२३२३१** | **२८७३१** | **३.४७** | **१४.६५** | **१८.१२** | **४.९५** | **१९.९०** | **२४.८५** | **१४२.६५** | **१३५.८४** | **१३७.१** |
| | | **१४९५९०** | **१२२७०६** | **२७२२९६** | **५५००** | **३७४८१** | **४२९८१** | **३.४७** | **४७.३४** | **५०.८१** | **४.९५** | **४१.२३** | **४६.१८** | **१४२.६५** | **८७.०९३** | **९०.८९** |

**११. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पद**

निमित्त महानिर्देशक : कृषि प्रसार निर्देशक श्री टिकेन्द्र कुश्मी

सूचना अधिकारी : कृषि अर्थ निर्देशक श्री ज्ञानराज कँडेल

**१२. निर्देशनालयकोको वेभसाइट :** add.sudurpashchim.gov.np

**१३ निर्देशनालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण**

- निर्देशनालयका अधिकांश सूचनाहरु निर्देशनालयको वेवसाइट add.sudurpashchim.gov.np मा नियमित प्रकाशन हुने गरेको र सम्बन्धित कार्यालयहरुलाई इमेल मार्फत जानकारी समेत गराईने ।

**१४. निर्देशनालयमा परेको सूचना माग सम्बन्धी निवेदन**

- यो अवधिमा निवेदन प्राप्त नभएको

**१५. निर्देशनालयले गरेका सूचना सम्बन्धि थप कामहरु**

**१६. निर्देशनालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन**

- नियमित तयार गरी माथिल्लो भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र संघिया कार्यालयहरुलाई माग अनुसार उपलब्ध गराउने गरेको

**१७. निर्देशनालयले वर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण**

- प्रचलित प्रदेश कानूनले सूचना प्रवाह गर्न नमिल्ने, गोप्य रहने भनी तोकिएको विषयमा सूचना र प्रवाह गर्न मिल्ने सूचनाको वर्गिकरण गरिएको

**१८.१ प्रदेश सभाबाट पारित भएका ऐन**

१. सुदूरपश्चिम प्रदेशको सहकारी ऐन, २०७५

२. सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन, २०७६

३. सुदूरपश्चिम प्रदेशको बीउ बिजन ऐन, २०७७

४. सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७७

५. सुदूरपश्चिम प्रदेशको पशु विकास तथा पशु स्वास्थ्य सेवा ऐन,२०७८

**१८.२ प्रदेश सरकार(मन्त्रिपरिषद्) बाट स्वीकृत नियम,गठन आदेश**

१. सुदूरपश्चिम प्रदेशको सहकारी नियमावली, २०७६

२. सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९

**१८.३ प्रदेश सरकार(मन्त्रिपरिषद्) बाट स्वीकृत रणनीति**

१. सुदूरपश्चिम प्रदेशको कृषि विकास रणनीति (२०७९/८०-२०९३/९४)

**१८.४ कृषि सँग सम्वन्धित स्वीकृत कार्यविधि, निर्देशिका, मापदण्ड**

१. आयआर्जन तथा उत्पादनमूलक कार्यमा सहकारी संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि २०७५

२. कृषि औजार यन्त्र उपकरण अनुदान वितरण कार्यविधि, २०७५

३. कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर निर्माण कार्यक्रम संचालन कार्यविधि, २०७५

४. स्वरोजगारमूलक तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५

५. कृषि यान्त्रिकरणका लागि साझेदारीमा कस्टम हाइरिग सेन्टर स्थापना तथा संचालन कार्यविधी,२०७५

६. कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७६

७.  कृषिजन्य उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
८.  कोल्ड स्टोर, कोल्ड च्याम्बर र राईपेनिङ्ग च्याम्बर स्थापना तथा सञ्चालन कार्यविधि, २०७६
९.  मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
१०.व्यवसायिक प्याज खेती  कार्यक्रम  सञ्चालन कार्यविधि, २०७६
११.व्यवसायिक केरा खेती  कार्यक्रम  सञ्चालन कार्यविधि, २०७६
१२.सहकारी संघ संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७६
१३.करार सेवामा कृषि प्राविधिक कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०७७
१४.एकीकृत कृषि बजार निर्माण, हस्तान्तरण तथा सञ्चालन कार्यविधि, २०७७
१५.कृषि उस्मायन पद्धति मार्फत कृषि उद्यमशिलता विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७
१६.कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७
१७.सुदूरपश्चिम प्रदेशको बाली तथा पशुधन बीमाको प्रिमियममा थप अनुदान उपलब्ध गराउने कार्यविधि, २०७७
१८.कृषि तथा पशुपन्छी व्यवसायमा अनुदान परिचालन कार्यविधि,२०७७
१९.प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७७
२०.सुदूरपश्चिम प्रदेशको सहकारी संघ संस्था पुर्नःगठन तथा एकीकरण सम्बन्धी कार्यविधि, २०७७
२१.चक्लाबन्दीमा कृषि कार्यक्रम कार्यान्वयन कार्यविधी,२०७७
२२.प्राकृतिक विपदहरुबाट कृषि एवम् पशुपन्छी व्यवसायको क्षेत्रमा पुर्याएको क्षतिमा राहत प्रदान सम्बन्धी मापदण्ड, २०७६
२३.कोरोना प्रभावित तथा विदेशबाट फर्किएका युवा लक्षित कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७७
२४.माटो स्वस्थता प्रमाण पत्र (Soil Health Card) कार्यक्रम सञ्चालन निर्देशिका, २०७७
२५.सुन्तलाजात फलफुल बगैचा पुनस्थापना तथा ह्रास रोग नियन्त्रण कार्यक्रम संचालन निर्देशिका,२०७७
२६.सुदूरपश्चिम प्रदेश सहकारी संघ/संस्था दर्ता दिग्दर्शन, २०७७
२७.धानमिल मोडेलमा मसिनो धान उत्पादनको प्रतिफलमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधी,२०७८
२८.कृषि अनुसन्धान,प्रसार र शिक्षा कार्यक्रम( व्यवस्थापन तथा सञ्चालन) कार्यविधी,२०७८
२९.भिमदत्त उत्कृष्ठ कृषक पुरस्कार कार्यक्रम सञ्चालन कार्यविधी,२०७८
३०.स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०
३१.मुक्त हलिया, कमैया, कमलरी पुनर्थापना कार्यविधि २०८०